# जनक शिक्षा सामग्री केन्द्र लि.
## सानोठिमी, भक्तपुर

## पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रीवितरण निर्देशिका, २०७०
**(सातौं संशोधन, २०८१)** **संशोधन मिति २०८१/१२/१०**

जनक शिक्षा सामग्री केन्द्र लि.बाट उत्पादन तथा वितरण हुने पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरूको बिक्रीवितरण कार्य सुव्यवस्थित, सरल, सुलभ एवम् प्रभावकारीरूपमा गर्नका लागि बिक्रेता नियुक्ति गर्न तथा केन्द्रबाट नियुक्त भएका बिक्रेताहरूबाट अझ बढी भरपर्दो ढंगबाट सेवा उपलब्ध गर्ने व्यवस्था मिलाउन र पाठ्यपुस्तकको सहज पहुँच बढाउन वाञ्छनीय भएकाले,

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड आर्थिक प्रशासन विनियमावली, २०५८ को विनियम ४५ को अधिकार प्रयोग गरी केन्द्रको सञ्चालक समितिले यो पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिकीवितरण निर्देशिका २०७० तर्जुमा गरी लागू गरेको छ।

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यस निर्देशिकाको नाम "पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रीवितरण निर्देशिका २०७०" रहेको छ।

(ख) यो निर्देशिका सञ्चालक समितिबाट स्वीकृत भएपछि तत्काल लागू हुनेछ।

### २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "केन्द्र" भन्नाले जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र सो अन्तर्गतका प्रादेशिक, र अस्थायी कार्यालय समेत सम्झनुपर्दछ।

(ख) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस निर्देशिकाबमोजिम तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्दछ।

(ग) "प्रबन्ध सञ्चालक" भन्नाले केन्द्रको प्रबन्ध सञ्चालक सम्झनुपर्दछ।

(घ) "प्रादेशिक कार्यालय" भन्नाले काठमाडौं उपत्यकाबाहिर रहेका केन्द्रका कार्यालय सम्झनुपर्दछ।

(ङ) "पाठ्यपुस्तक तथा शैक्षिक सामग्री" भन्नाले केन्द्रबाट तथा केन्द्रले सहकार्य गरी उत्पादन भएका पाठ्यपुस्तक तथा अन्य शैक्षिक सामग्री सम्झनुपर्दछ।

(च) बिक्रेता" भन्नाले केन्द्रबाट नियुक्त बिक्रेता सम्झनुपर्दछ।

(छ) "सञ्चालक समिति" भन्नाले केन्द्रको सञ्चालक समिति सम्झनुपर्दछ।

(ज) "शैक्षिक वर्ष" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट तोकिएको क्षेत्र तथा जिल्लाहरूमा प्रत्येक वर्ष वैशाख वा तोकिएको महिनामा सुरू हुने वर्षलाई सम्झनुपर्दछ।

### ३. पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको बिक्रीवितरणः

केन्द्रले उत्पादन गर्ने पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको बिक्रीवितरण केन्द्र वा केन्द्र अन्तर्गतका कार्यालय र यस निर्देशिकाबमोजिम नियुक्त पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रेताबाट बिक्रीवितरण हुनेछ।

## ४. नवीकरण वा सूचिकृत  गर्नुपर्ने

केन्द्रबाट उत्पादित पाठ्यपुस्तक बिक्रीवितरण गर्ने बिक्रेताका रूपमा नियुक्त हुन यस निर्देशिकाबमोजिमका शर्त तथा मापदण्ड पूरा गरी नवीकरण वा सूचीकृत हुनुपर्ने छ ।

## ५. नवीकरण वा सूचीकृत हुन बिक्रेताले पेश गर्नुपर्ने कागजातहरू

यस निर्देशिकाबमोजिम पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको बिक्रेताका रूपमा नवीकरण वा सूचीकृत हुन बिक्रेताले देहायका कागजातसहित निवेदन दिनुपर्ने छ :

(क) संस्था /फर्म/ कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि र तिनको नवीकरणका प्रतिलिपि ।

(ख) स्थाथी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

(ग) बिक्रेताले फर्मको नामबाट बार्षिक कारोबार गरेको अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर विवरण बुझाएको निस्साको प्रतिलिपि ।

(घ) सूचिकरणका लागि पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रीवितरण गर्न चाहेको जिल्लाको सम्बन्धित स्थानिय तहको सिफारिस पत्र ।

## ६. बिक्रेता नियुक्तिः

(क) केन्द्र वा प्रादेशिक कार्यालयले बिक्रेता नवीकरण वा सूचीकृत हुन आउन शैक्षिक बर्ष सुरु हुनु भन्दा पहिले बार्षिक रुपमा सूचना जारी गर्ने छ ।

(ख) बिक्रेता नवीकरण वा सूचीकृत हुन चाहने व्यक्ति वा फर्मले रु. ५००।- (अक्षेरेपी रु.पाँच सय) दस्तुर तिरी निवेदन दिनुपर्ने छ ।

(ग) निवेदकले बिक्रेता हुन पूरा गर्नुपर्ने सर्त र मापदण्ड पूरा गरेको देखिएमा  नवीकरण वा सूचिकृत  गरी अनुसूची ३ बमोमिजको ढाँचामा बिक्रेता नियुक्त गरी दिइने छ ।

(घ) बिक्रेता नियूक्तिको म्याद ६(क) को सूचना प्रकाशित भए पछि स्वत: सकिने छ ।

## ७. बिक्रेताको दायित्वः

केन्द्रबाट उत्पादित पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको बिक्रीवितरण गर्न अनुमति प्राप्त बिक्रेताहरूको देहायबमोजिम दायित्व हुनेछः

(क) केन्द्रले बिक्रेतालाई बिक्रीमार्फत् उपलब्ध गराएको पाठ्यपुस्तक आफूले कबोल गरेको जिल्लामा पुऱ्याई बिक्रीवितरण गर्नुपर्ने छ । बिक्रेताले प्रमाणपत्र पाएको मितिसमेत उल्लेख गरी आफ्नो बिक्रीस्थलमा "जनक शिक्षा सामग्री केन्द्र लि.को बिक्रेता" भनी ठूलो अक्षरमा लेखी केन्द्रको प्रतीक चिन्ह (लोगो) समेत स्पष्टरूपमा देखिने गरी घटीमा ३×२ फिट आकारको साइनबोर्ड राख्नुपर्ने छ ।

(ख) बजार अनुगमन समिति, केन्द्र वा केन्द्र अन्तरगतका कार्यालयले सम्बन्धित बिक्रेतासग मौज्दात रहेका पाठ्यपुस्तकको विवरण माग गरेमा बिक्रेताले उपलब्ध गराउनुपर्ने छ । निरीक्षण र अनुगमनको सिलसिलामा माग गरिएका कागजात एवम् सूचनाहरू राख्नुपर्ने छ ।

(ग) बिक्रेताले बिक्रीस्थलमा मूल्यसूची राख्नुपर्ने छ ।

[Δ](घ) ................................

(ङ) केन्द्र र बिक्रेताबीच भएको सम्झौताको परिपालना गर्नुपर्ने छ ।

(च) नवीकरण वा सूचिकृत  भएमा फर्म वा कम्पनी वा संस्थाले आफूले कबोल गरेको जिल्ला वा क्षेत्रमा पाठ्यपुस्तकको ढुवानी गरी बिक्रीवितरण गर्नुपर्ने छ ।

(छ) विद्यालयगत रूपमा बिक्री भएका पाठ्यपुस्तकको समष्टीगत विवरण शैक्षिक सत्र सुरु भएको महिनाको मसान्तसम्ममा केन्द्रमा पेस गर्नुपर्ने छ ।

---

[Δ] चौथो संशोधनद्वारा झिकिएको ।

## ८. पाठ्यपुस्तक बिक्रीवितरण र भुक्तानी प्रक्रियाः

(१) बिक्रेताले केन्द्रसँग अनुसूची २ बमोजिमको सम्झौता गरी केन्द्रद्वारा उपलब्ध पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीको बिक्रीवितरण गर्नुपर्ने छ । पाठ्यपुस्तक ढुवानी बिक्रीवितरण र भुक्तानी प्रक्रिया उल्लेख गरी सम्झौता गरिने छ ।

(२) बिक्रेताले पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्री गरेवापत ९% प्रारम्भिक छुट दिइनेछ । बिक्रि पछि, केन्द्रले तोके अनुसारको प्रकृया पुऱ्याइ दाबि गरेमा अनुसूची ५ अनुसारको थप कमिशन दिइने छ ।

(३) बिक्रेतालाई बिक्री गरिसकेको पाठ्यपुस्तक फिर्ता हुने छैन तर कुनै पाठ्यपुस्तक वा शैक्षिक सामग्री छपाइमा त्रुटी देखिएमा केन्द्रले सट्टा भर्ना दिनेछ ।

*(४) बिक्रेताले घटीमा रु तीन लाख बराबरको पाठ्यपुस्तक खरिद गर्नुपर्ने छ । सोभन्दा घटी पुस्तक खरिद गरेमा अनुसूची ५ अनुसारको थप ढुवानी कमिसन दाबी गर्न पाइने छैन । तर अनुसूची ६ अर्न्तगतका हिमाली क्षेत्रका जिल्लाहरुको हकमा एक लाख बराबरको पुस्तक खरिद गर्नुपर्नेछ ।

## ९. बिक्रेताको नियुक्तिको खारेजीः

केन्द्रले देहायको अवस्थामा बिक्रेताको प्रमाणपत्र खारेज गर्न सक्नेछ :

(क) बिक्रेताले प्रमाणपत्र खारेज गर्न निवेदन दिएमा

(ख) बिक्रेता नियुक्त हुन केन्द्रलाई झुटा विवरण उपलब्ध गराएको पाइएमा

(ग) बिक्रीस्थलमा प्रस्ट देखिने गरी सुरु नियुक्ति भएको मितिसमेत उल्लेख गरी केन्द्रले तोकेको ढाँचामा साइनबोर्ड, बिक्री मूल्यसूची, बिक्री र मौज्दात विवरण, छाप, कर बिजक नराखेमा वा नराखी बिक्री कारोबार गरेमा

(घ) बिक्रेताले निर्देशिकाको दफा ७ बमोजिमको दायित्व पूरा नगरेमा

(ङ) केन्द्रले माग गरेका विवरणहरू उपलब्ध नगराएमा

(च) केन्द्र र बिक्रेताबीच भएको सम्झौता विपरीत कार्य भएमा

(छ) केन्द्रले दिएको निर्देशन पालना नगरेमा ।

## १०. केन्द्र आफैँले पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्री गर्नेः

यस निर्देशिकामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि केन्द्रको केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालयहरूबाट पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरू बिक्री कक्ष सञ्चालन गरी बिक्रीवितरण गर्न सकिनेछ । *यसरी बिकी गर्दा नवीकरण एवम् सूचीकृत भएका बिकेता बाहेक अन्य संघ संस्था वा व्यक्तिले पाठ्यपुस्तकको परल मूल्यमा पाठ्यपुस्तक खरिद गर्न सक्नेछन् ।

## ११. पुनरावेदन गर्न सकिनेः

(१) यस निर्देशिकाबमोजिम केन्द्रले गरेको कुनै काम, निर्णय वा दिएको निर्देशनबाट बिक्रेतालाई मर्का परेमा सोको विवरण खुलाई त्यस्तो काम, निर्णय वा निर्देशन भएको मितिले पैंतीस दिनभित्र त्यस्तो बिक्रेताले केन्द्रको प्रबन्ध सञ्चालकसमक्ष निवेदन दिनसक्ने छ ।

(२) दफा (१) बमोजिम पर्न आएको निवेदनउपर १५ (पन्ध्र) दिनभित्र प्रबन्ध सञ्चालकले आवश्यक निर्णय गर्नुपर्ने छ ।

(३) प्रबन्ध सञ्चालकको निर्णयमा चित्त नबुझेमा बिक्रेताले केन्द्रको सञ्चालक समितिमा पुनरावलोकनका लागि निवेदन दिन सक्नेछ । यस सम्बन्धमा सञ्चालक समितिको निर्णय अन्तिम हुनेछ ।

* चौथो संशोधनद्वारा थप गरिएको ।

## १२. निर्देशन दिनसक्ने:

केन्द्रले यस निर्देशिकाको उद्देश्य कार्यान्वयनका लागि बिक्रेतालाई समय समयमा निर्देशन दिनसक्ने छ र त्यस्तो निर्देशन पालना गर्नु बिक्रेताको कर्तव्य हुनेछ ।

## १३. व्याख्या गर्न सकिने:

(१) यस निर्देशिका सम्बन्धमा द्विविधा पर्न गएमा सोको व्याख्या प्रबन्ध सञ्चालकबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रबन्ध सञ्चालकबाट भएको व्याख्यामा चित्त नबुझेमा मर्का पर्ने पक्षले सञ्चालक समितिसमक्ष पुनरावेदन गर्नसक्ने छ ।

(३) उपदफा (२) बमोजिम पर्न आएको पुनरावेदनउपर सञ्चालक समितिबाट भएको व्याख्या अन्तिम हुनेछ ।

## १४. बाधा अड्काउ फुकाउ:

यस निर्देशिकाको कार्यान्वयन गर्दा कुनै बाधा अड्चन परेमा सञ्चालक समितिले बाधा अड्चन फुकाउन आवश्यक आदेश जारी गर्न सक्नेछ ।

अनुसूची - १

# जनक शिक्षा सामग्री केन्द्र लि.

केन्द्रीय कार्यालय

सानोठिमी, भक्तपुर

**श्रीमान् प्रबन्ध सञ्चालकज्यू,**

जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

सानोठिमी, भक्तपुर ।

**विषयः–** बिक्रेता नवीकरण वा सूचिकृतका लागि निवेदन ।

महोदय,

जनक शिक्षा सामग्री केन्द्र लिमिटेडको ............................ मिति ................ मा प्रकाशित सूचनाअनुसार बिक्रेताका रूपमा नवीकरण वा सूचिकृत भई काम गर्न तपसीलबमोजिमको व्यहोरा उल्लेख गरी यो आवेदन पत्र दिएको/का छु/छौं ।

**तपसील**

**१. आवेदक**

(क) फर्म, संस्था वा कम्पनीको पूरा नामः- ................................................................

(ख) फर्म भए रजिस्ट्रेसन भएको मिति र नम्बरः- ......................................................

(ग) स्थायी लेखा नम्बर र मितिः- ............../मू.अ. कर दर्ता भएको मितिः- .................

(घ) फर्म, संस्था वा कम्पनीको मुख्य कार्यालय रहेको स्थानः- ..........................................

(ङ) पाठ्यपुस्तक बिक्रीको अनुभव भएको/नभएकोः- ..................................................

२. फर्म, संस्था वा कम्पनीको किसिमः- .........................................

३. पाठ्यपुस्तक बिक्रीवितरण गर्न चाहेका जिल्ला/हरूः- ....................................................

**भवदीय,**

आवेदकको सहीः- ..................................

पूरा नाम, थरः- ...............................................

ठेगानाः- ...............................................

फोन नंः- मोबाइल नंः- .................. इमेलः- ...............................................

मितिः- ................................

# जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र पाठ्यपुस्तक बिक्रेताबीच पाठ्यपुस्तक बिक्रीवितरण गर्ने सम्बन्धी सम्झौतापत्र

जनक शिक्षा सामग्री केन्द्र लि., सानोठिमी, भक्तपुर (पहिलो पक्ष) र .................................... ................................. (दोस्रो पक्ष) का बीच मिति २० को निर्णयानुसार आवश्यक प्रक्रिया पुऱ्याई निम्नलिखित सर्त बन्देजका अधीनमा रही यो सम्झौतापत्रको लिखत तयार गरेका छौं ।

## सम्झौताका सर्त

(क) प्रथम पक्षले दोस्रो पक्षलाई उपलब्ध गराएको पाठ्यपुस्तक .......................... जिल्लामा पुऱ्याई बिक्रीवितरण गर्नुपर्ने छ । बिक्रेताले प्रमाणपत्र पाएको मितिसमेत उल्लेख गरी आफ्नो बिक्रीस्थलमा "जनक शिक्षा सामग्री केन्द्र लि.को बिक्रेता" भनी ठूलो अक्षरमा लेखी केन्द्रको प्रतीक चिन्ह (लोगो) समेत स्पष्टरूपमा देखिने गरी घटीमा ३×२ फिट आकारको साइनबोर्ड राख्नुपर्ने छ ।

(ख) बजार अनुगमन समिति, केन्द्र वा अन्तरगतका कार्यालयले बिक्रेतासँग मौज्दात रहेका पाठ्यपुस्तकको विवरण माग गरेमा उपलब्ध गराउनुपर्ने छ । निरीक्षण र अनुगमनका सिलसिलामा माग गरिएका कागजात एवम् सूचनाहरू उपलब्ध गराउनुपर्ने छ ।

(ग) बिक्रेताले बिक्रीस्थलमा मूल्यसूची राख्नुपर्ने छ ।

[Δ](घ) ...........................

(ङ) बिक्रीस्थलमा प्रस्ट देखिने गरी सुरु नियुक्ति भएको मितिसमेत उल्लेख गरी केन्द्रले तोकेको ढाँचामा साइनबोर्ड, बिक्री मूल्यसूची, बिक्री र मौज्दात विवरण, छाप, कर बिजक राख्नुपर्ने छ ।

(च ) नवीकरण वा सूचिकृत भएका फर्म वा कम्पनी वा संस्थाले आफूले कबोल गरेको जिल्ला वा क्षेत्रमा पाठ्यपुस्तक ढुवानी गरी बिक्रीवितरण गर्नुपर्ने छ ।

(छ) जनक शिक्षा सामग्री केन्द्र लि.ले पाठ्यपुस्तक बिक्रेतालाई प्रारम्भिक कमिसन ९ (नौ) प्रतिशत र अनुसूची - ५ बमोजिमको अतिरिक्त कमिसन भुक्तानी दिँदा सम्बन्धित विद्यालयमा पाठ्यपुस्तक बिक्री गरेको व्यहोरा खुलाई [Δ]..... सम्बन्धित स्थानिय तहले सिफारिस गरेपछि मात्र भुक्तानी गरिनेछ ।

*(छ१)बिक्रेताले घटीमा तिन लाख रुपैया बराबरको पाठ्यपुस्तक खरिद गर्नुपर्नेछ । तीन लाख भन्दा घटीको पुस्तक खरिद गरेमा अनुसूची ५ बमोजिमको थप ढुवानी कमिसन दाबी गर्न पाइने छैन । तर अनुसूची ६ अर्न्तगतका हिमाली क्षेत्रको जिल्लाहरुको हकमा रु एक लाख बराबरको पुस्तक खरिद गर्नुपर्नेछ ।

(ज) बिक्रेताले पाठ्यपुस्तक खरिद गरेको स्थानबाट सम्झौता भएको मितिले १५ दिनभित्र बिक्रीस्थलमा पुऱ्याई बिक्रीवितरण गरिसक्नुपर्ने छ र बिक्रीवितरणको विवरण [*]स्थानिय तहमा उपलब्ध गराउनुपर्नेछ ।

(झ) बिक्रेतालाई बिक्री गरिसकेको पाठ्यपुस्तक फिर्ता हुने छैन तर कुनै पाठ्यपुस्तक वा शैक्षिक सामग्री छपाइमा त्रुटी देखिएमा केन्द्रले सट्टा भर्ना दिनेछ ।

(ञ) बिक्रेताले केन्द्र र बिक्रेताबीच भएको सम्झौताको परिपालना गर्नुपर्ने छ ।

(ट) उपर्युक्त सर्तहरूमा कठिनाइ आइपरेको अवस्थामा व्याख्या गर्नुपरेको खण्डमा केन्द्रको निर्णय अन्तिम हुनेछ ।

(ठ) केन्द्रको बिक्रेताका रूपमा कायम रहेसम्म निजले केन्द्रको पाठ्यपुस्तक तथा शैक्षिक सामग्री बिक्रीवितरण निर्देशिका, २०७० मा उल्लिखित दायित्वहरूको पालना गर्नुपर्ने छ ।

यो सम्झौतापत्र आजका मितिदेखि लागू हुने गरी माथि उल्लिखित सर्त बन्देजहरू दुवै पक्षले पालना गर्न दुवै पक्षको पूर्ण मञ्जुरी भई जनक शिक्षा सामग्री केन्द्र लि., सानोठिमी, भक्तपुरमा बसी तपसीलका साक्षीको रोहवरमा हस्ताक्षर गरी सम्झौतापत्रको एक-एक प्रति बुझिलियौं/दियौं ।

| **जनक शिक्षा सामग्री केन्द्र लि.का तर्फबाट** | **बिक्रेताका तर्फबाट** |
|---|---|
| नामः- श्री | नामः- श्री |
| पदः- | ठेगानाः- |
| हस्ताक्षरः- | हस्ताक्षरः- |

इति सम्वत् २०७ साल .......... महिना ..... गते रोज ...... शुभम् ।

---

Δ चौथो संशोधनद्वारा झिकिएको ।

* चौथो संशोधनद्वारा थप गरिएको ।

* चौथो संशोधनद्वारा संशोधन गरिएको ।

# जनक शिक्षा सामग्री केन्द्र लि.

केन्द्रीय कार्यालय
सानोठिमी, भक्तपुर

**विषयः-** <u>बिक्रेता नियुक्त गरिएको बारे ।</u>

श्री ..........................................................

ठेगानाः- .................................................... मितिः-

.............................

प्रोपाइटरको नामः- ...................................................... प्रमाणपत्र नं.:- ................

ठेगानाः- ....................................................

उपर्युक्त विषयमा ............................प्रदेश....................... जिल्ला ............................. गा.पा../न.पा. ................................... टोल ..................... मार्गमा पसल गोदाम भएको तथा केन्द्रको मिति ................ को निर्णयबाट शैक्षिक सत्र *२०७६ का लागि नवीकरण/सूचिकृत भएको ........................................ लाई तपसीलमा तोकिएको क्षेत्रमा पाठ्यपुस्तक बिक्रीवितरण गर्न पाउने गरी बिक्रेतामा नियुक्त गरिएको छ । केन्द्रले समय-समयमा दिएको निर्देशन तथा बिक्रेताले पालना गर्नुपर्ने दायित्व पूर्णरूपले पालना गर्दै कार्य गर्नुहुन जानकारी गराइन्छ ।

## तपसील

| | |
|---|---|
| पाठ्यपुस्तक बिक्रीवितरण हुने जिल्ला | |

................................
**पदाधिकारीको दस्तखत**

नामः-

पदः-

* चौथो संशोधनद्वारा संशोधन गरिएको ।

अनुसूची - ४

प्र.नं. .................

हालसालै खिचेको पूरा अनुहार देखिने फोटो

# जनक शिक्षा सामग्री केन्द्र लि.

केन्द्रीय कार्यालय
सानोठिमी, भक्तपुर ।

## बिक्रेता प्रमाणपत्र

श्री ...............................................................लाई यस केन्द्रद्वारा उत्पादित पाठ्यपुस्तक तथा शैक्षिक सामग्रीहरू बिक्रीवितरण गर्न पाउने गरी बिक्रेतामा नियुक्त गरिएकाले यो प्रमाणपत्र प्रदान गरिएको छ ।

फर्म वा संस्था वा कम्पनीको नामः- ............................................................................

प्रोपाइटरको नाम थर वतनः- ...................................................................

बिक्री स्थानः- .........................................................

बिक्रेता नियुक्त गर्ने कार्यालयः- ........................................................................

बिक्रेता नियुक्ति मितिः- .................................

**सिफारिस गर्ने**

..............................
(हस्ताक्षर)

नामः-
पदः-

**प्रमाणित गर्ने**

..............................
(हस्ताक्षर)

नामः-
पदः-

# जनक शिक्षा सामग्री केन्द्र लि.
## केन्द्रीय कार्यालय
### सानोठिमी, भक्तपुर

**थप ढुवानी कमिसनको जिल्लागत दररेट** (सातौं संशोधन २०८१ को निर्णय)

**१. विराटनगर**

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| १. | मोरङ | ० | ० | |
| २. | सुनसरी | १ | १ | |
| ३. | धनकुटा | ३ | ३ | |
| ४. | तेह्रथुम | ६ | ६ | |
| ५. | संखुवासभा | ८ | ८ | |
| ६. | भोजपुर | ८ | ८ | |
| ७. | झापा | २ | २ | |
| ८. | इलाम | ४ | ४ | |
| ९. | ताप्लेजुङ | ९ | ९ | |
| १०. | पाँचथर | ६ | ६ | |

**२. जनकपुर**

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| ११. | धनुषा | ० | ० | |
| १२. | महोत्तरी | १ | १ | |
| १३. | सर्लाही | २ | २ | |
| १४. | सिन्धुली | २ | २ | |
| १५. | सिरहा | १ | १ | |
| १६. | सप्तरी | २ | २ | |
| १७. | उदयपुर | ३ | ३ | |
| १८. | ओखलढुङ्गा | ७ | ७ | |
| १९. | खोटाङ | ९ | ९ | |

**३.केन्द्रीय कार्यालय, सानोठिमी, भक्तपुर**

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| २०. | काठमाडौं | ० | ० | |
| २१. | ललितपुर | ० | ० | |
| २२. | भक्तपुर | ० | ० | |
| २३. | काभ्रेपलाञ्चोक | १ | १ | |
| २४. | सिन्धुपाल्चोक | ३ | ३ | |
| २५. | रामेछाप | ४ | ४ | |
| २६. | दोलखा | ४ | ४ | |
| २७. | सोलुखुम्बु | १२ | १२ | |
| २८. | धादिङ | २ | २ | |
| २९. | रसुवा | ४ | ४ | |
| ३०. | नुवाकोट | २ | २ | |

## ४. भरतपुर

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| ३१. | चितवन | ० | ० | |
| ३२. | मकवानपुर | १ | १ | |
| ३३. | पर्सा | २ | २ | |
| ३४. | रौतहट | २ | २ | |
| ३५. | बारा | २ | २ | |
| ३६. | पूर्वी नवलपरासी | ० | १ | |

## ५.पोखरा

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| ३७. | कास्की | ० | ० | |
| ३८. | तनहुँ | १ | १ | |
| ३९. | मनाङ | १८ | १८ | |
| ४०. | मुस्ताङ | १७ | १७ | |
| ४१. | लमजुङ | २ | २ | |
| ४२. | गोरखा | ३ | ३ | |
| ४३. | पर्वत | २ | २ | |
| ४४. | बाग्लुङ | ३ | ३ | |
| ४५. | म्याग्दी | ४ | ५ | |
| ४६. | स्याङ्जा | १ | १ | |

## ६. बुटवल

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| ४७. | रूपन्देही | ० | ० | |
| ४८. | प.नवलपरासी | ० | १ | |
| ४९. | कपिलवस्तु | १ | १ | |
| ५०. | पाल्पा | १ | १ | |
| ५१. | अर्घाखाँची | २ | २ | |
| ५२. | गुल्मी | ३ | ३ | |
| ५३. | प्युठान | ४ | ४ | |

## ७. नेपालगञ्ज

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| ५४. | बाँके | ० | ० | |
| ५५. | हुम्ला | ४८ | ३५ | |
| ५६. | डोल्पा | ३४ | २५ | |
| ५७. | बर्दिया | १ | १ | |
| ५८. | दाङ | २ | २ | |
| ५९. | प.रुकुम | ७ | ७ | |
| ६०. | सल्यान | ४ | ४ | |
| ६१. | पुर्वी रूकुम | ८ | ८ | |
| ६२. | रोल्पा | ८ | ८ | |

## ८. सुर्खेत

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| ६३. | सुर्खेत | ० | ० | |
| ६४. | दैलेख | ३ | ३ | |
| ६५. | जाजरकोट | ६ | ६ | |
| ६६. | जुम्ला | १३ | १० | |
| ६७. | कालिकोट | ७ | ७ | |
| ६८. | मुगु | ३० | २२ | |
| ६९. | हुम्ला | ४८ | ३५ | |
| ७०. | डोल्पा | ३४ | २५ | |

## ९. धनगढी

| क्र.सं. | जिल्ला | गतवर्षको थप दर | सातौं संशोधन २०८१ को दररेट | कैफियत |
|---|---|---|---|---|
| ७१. | कैलाली | ० | ० | |
| ७२. | बैतडी | ५ | ५ | |
| ७३. | बाजुरा | १६ | १६ | |
| ७४. | डडेल्धुरा | ३ | ३ | |
| ७५. | बझाङ | ८ | ८ | |
| ७६. | दार्चुला | १० | १० | |
| ७७. | डोटी | ४ | ४ | |
| ७८. | कञ्चनपुर | १ | १ | |
| ७९. | अछाम | ८ | ८ | |

# जनक शिक्षा सामग्री केन्द्र लि.

केन्द्रीय कार्यालय
सानोठिमी

***हिमाली क्षेत्रका जिल्लाहरू :**

| | | | |
|---|---|---|---|
| १. | दार्चुला | ९ | मनाङ |
| २ | बझाङ | १० | गोरखा |
| ३ | बाजुरा | ११ | रसुवा |
| ४ | हुम्ला | १२ | सिन्धुपाल्चोक |
| ५ | मुगु | १३ | दोलखा |
| ६ | जुम्ला | १४ | सोलुखुम्बु |
| ७ | डोल्पा | १५ | संखुवासभा |
| ८ | मुस्ताङ | १६ | ताप्लेजुङ |

* चौथो संशोधनद्वारा थप गरिएको ।